# ३ मानव जातिको अवस्था

*<u>यस अध्यायका मूद पदहरू :</u>* रोमी १:१६,१७,२२-३२, रोमी २:१-१०,१७-२३, रोमी ३:१,२,१०-१८,२३।

*<u>यस अध्यायको मूल सार पद:</u>* **“सबैले पाप गरेका छन्। परमेश्वरको गरिमामय महिमामा कोहि पनि पुग्न सक्ने अवस्थामा छैन।" (रोमी ३:२३बाट रूपान्तरित)**

पावलले रोमीको पुस्तकमा एउटा निर्णायक सत्यलाई मानिसको अगाडि ल्याएका छन्। त्यो हो, सारा सुसमाचारले औंल्याएको मानिस जातिको दुःखद अवस्था। यस सत्यको अस्तित्व कुनै मनगढन्ते नभएर वास्तविक छ। अदनको बगैंचामा आदम र हव्वाको पतनदेखि अहिलेसम्म हामी सबै मानव जाति पापले गर्दा प्रदुषित भएका छौं। हामीहरूको बंशाणु वा जीन अर्थात् नशा नशा पापै पापले बुनिएको छ। जसरी हामीहरूको आँखाको रङ्गले हामी को हौं भनेर देखाउँछ त्यसरी नै हामीहरूको मानव चरित्रले हामीहरू पापी हौं भनेर देखाउँछ।

पन्ध्रौं शताब्दीका इसाई सुधारवादी अगुवा मार्टिन लुथरले रोमीको पुस्तकको व्याख्या गर्दै यसरी लेखेका थिए: "सबै मानिस पापको अधीनमा छौं" भन्ने पावलको भनाईलाई आत्मिक रूपमा लिनुपर्छ। त्यसको वास्तविक अर्थ यो हो कि कुनै पनि मानिस आफ्नो वा अरूको अगाडि कस्तो छ भनेर देखापर्नु नभएर परमेश्वरको अगाडि कसरी उभिन सक्ने औकात छ त्यसलाई देखाउँछ। चाहे मानिसहरूको सामु कुनै अपराध गरेर अपराधी सावित भएको होस् वा धर्मकर्म, नित्यपूजाआजा गरेर आफू अरूको अगाडि धर्मी भएको देखाउन खोजेको होस्, सबै जना पापको चलखेलको नियन्त्रणमा छन्। कतिपय मानिसहरू देखावटी रूपमा परोपकारी, दानी भएर वा असल काम गरेर देखाउँछन्। ती सबैको कुनै न कुनै किसिमको गोप्य लक्ष्य हुन्छ। ती हुन सक्छन् आफूले गरेको अपराधको सजायँबाट उम्किन वा चोखो पार्न, केही फाइदा उठाउन वा आफ्नो भाऊ देखाउन वा कुनै काम गरेर आफू संतुष्ट वा रमाइलो भएको कारणले गर्दछन् तर कोही पनि भित्री हृदयदेखि चाहना गरेर र स्वभावमै दिमागमा तयारी भएर अरूको भलो वा असल काम गर्दैनन्। यस

परिप्रेक्ष्यमा मानिसहरूले पूर्ण र निरन्तर असल काम देखावटीरूपमा गरेर देखाइरहेको हुन्छ। तर भित्रीरूपमा त्यो मानिस पापको स्वभाव, दुष्ट अभिलाषा वा नियतहरूमा डुबीरहेको हुन्छ जुन असल कामको खिलाफमा छ।"-मार्टिन लुथर, कमेन्टरी अज रोमनस्, पृ. ६९बाट रूपान्तरित।

## १. परमेश्वरको शक्ति

पावलले सुसमाचारप्रति लक्षित गर्दै आफ्नो भावना यसरी व्यक्त गर्दछन्: "ख्रीष्टको सुसमाचारप्रति म शर्माउँदिन, किनभने विश्वास गर्ने हरेकका निम्ति, पहिले यहूदी र ग्रीकलाई पनि यो मुक्तिको निम्ति परमेश्वरको शक्ति हो। किनभने यसैमा विश्वासद्वारा विश्वासको निम्ति परमेश्वरको धार्मिकता प्रकट भएको छ, जसरी लेखिएको छः 'जो विश्वासद्वारा धर्मी ठहरिन्छ त्यो जिउनेछ।'" (रोमी १:१६,१७ रूपान्तरित)। पावलको उपरोक्त भनाईले तपाईंलाई के भनीरहेको छ? के ती पदहरूमा उल्लेख गरेका प्रतिज्ञाहरू र आशालाई तपाईंको जीवनले अनुभव गर्नुभएको छ?

माथि उल्लेखित पावलका वचनहरूमा धेरै महत्वपूर्ण बिषयबस्तुहरू छन्। ती मध्ये यहाँ केहि प्रस्तुत गरिएका छन्:-

क) *सुसमाचार अर्थात् येशूले हामीलाई हाम्रो पापबाट बचाउनुहुन्छ भन्ने शुभ सन्देश* । यो शब्द ग्रीक अर्थात् युनानी शब्दबाट आएको हो। यसको अर्थ "असल समाचार" वा "राम्रो सन्देश हो"। शब्दको व्याख्या अनुसार कुनै पनि असल समाचारलाई सम्बोधन गरिएको जनाउँछ। तर जब वाक्याँशले "ख्रीष्टको सुसमाचार" भन्दा "मसीहको बारेमा सुनाउने असल समाचार" भन्ने अर्थ लाग्छ। (ख्रीष्ट भन्ने शब्द नै ग्रीक शब्द "मसीह"बाट आएको हो)। सबैको निम्ति शुभ समाचार त यो हो, अब मसीह आउनु भयो र त्यसको कारण प्रत्येक मानिसले उहाँलाई विश्वास गरेर मुक्तिमा सहभागी हुनसक्दछ। हाम्रो मुक्तिको थलो केवल येशूमात्र हुनुहुन्छ। उहाँको सिद्ध धार्मिकता नै हाम्रो मुक्तिको जग हो। दश आज्ञाको व्यवस्थालाई पालन गरेर वा कुनै धर्मकर्म वा परोपकारिताको काम गरेर वा उदारवादी भएर हामी मुक्ति पाउँदैनौं।

ख) *धार्मिकता अर्थात् धर्मी ठहरिनु* । परमेश्वरसँग ठीक हुनु नै यो शब्दको अर्थ हो। यस शब्दको विशेष अर्थलाई रोमीको पुस्तकमा खुलासा गरिएको पाउँछौं। जब हामी यस पुस्तकको अध्ययन गर्नेछौं तब त्यस झुटाको

अर्थ झन गहिरिएर बुझ्न प्रयास गर्नेछौं। रोमी १:१७मा धर्मी ठहरिनुको अर्थ "परमेश्वरको" भन्ने झुटाले बुझाउन खोजेको पाउँछौं। अर्थात् हामीबाट होइन तर परमेश्वर आफैबाट आउने वा उपलब्ध गराइएको धार्मिकता हो। यो धार्मिकतामात्र भएपुग्छ जसले हामीलाई अनन्त जीवन प्राप्त गर्ने प्रतिज्ञामा हामीलाई हुल्दछ। हामीलाई दिइएको मुक्तिको वाचा हाम्रो कामबाट होइन तर उहाँको कामबाटमात्र उपलब्ध गराइएको हो।

ग) *विश्वास, निष्ठा वा आस्था।* ग्रीक वा युनानी शब्दबाट आएका यी शब्दहरूको अर्थ विश्वास गर्नु र आस्थामा निष्ठावान भएर बस्नु हो। यो शब्दलाई ग्रीकमा *pisteuo* (पिस्टियुओ-विश्वास गर्नु) वा *pistis* (पिस्टिस-आस्थामा निष्ठावान हुनु वा विश्वासमा तल्लिन हुनु) भनेर उल्लेख गरिएको छ। यसको अर्थ विश्वास भन्ने कुरालाई मुक्तिसँग गाँसिएको छ। यो झुटाको अर्थ जब हामी रोमीको पुस्तकको अध्ययन गर्ने क्रमलाई निरन्तरता दिन्छौं तब त्यसको गहिरो अर्थलाई खुलाउँदै जानेछौं।

**हुन्छ भन्ने प्रतिज्ञामा के तपाईं संघर्ष गरिरहनुभएको छ? तपाईंले मुक्ति पाउनुभएको छ वा छैन भन्ने कुरामा तपाईं कहिलेकाहिँ शङ्का गरिरहनुभएको छ? "म जस्तो पापी अभर्मीले मुक्ति पाउन सक्दैन" भनेर के तपाईंले शङ्का गरिरहनुभएको छ? यस्ता त्रासहरू किन आउँछन् त? यी कहाँबाट आउँछन्? के तपाईंको वास्तविक जीवनमा त्यो खालको त्रास आधारित छ त? के तपाईंको जीवनशैली तपाईंको विश्वास वा अरूलाई प्रचार गरेको अनुसार चलिरहेको छ? यदि छैन भने तपाईंले त्यसलाई कसरी परिवर्तन गर्न सक्नुहुन्छ जसले गर्दा येशूले दिनुभएका वाचाहरूलाई आत्मासात् गर्न तपाईंलाई सघाउँछ?**

## २. सबैले पाप गरेका छन् (कसैको "म अरूभन्दा असल, निर्दोष, चोखो वा धर्मात्मा छु" भन्ने औकात छैन)।

**पावलले व्यक्त गरेका, "सबैले पाप गरेका छन्। परमेश्वरको गरिमामय महिमामा कोहि पनि पुग्न सक्दैनन्" (रोमी ३:२३बाट रूपान्तरित) भन्ने सन्देश इसाईहरूलाई विश्वास गर्न किन सजिलो छ? यस पदमा यस्ता के तत्व छ जसले गर्दा मानिसहरूले यसको सत्यतामाथि पनि शङ्का गर्न सक्दछन्?**

सबै मानिसहरू पापी छन् भनेर कतिपयले विश्वास गर्न चाहँदैनन्।यो अचम्मको दावी हो। मौलिक रूपमा सबै मानिसहरू असल छन् भनेर

तिनीहरूले तर्क गर्दछन्। तर सत्य कुरा गर्ने हो भने सही असल भनेको के हो सो बुझ्न सकेको छैन। कतिपय मानिसहरूले आफूलाई अरूसँग दाँज्छ र भन्छ, "म त ऊ भन्दा राम्रै छु। असलै छु। ऊ जस्तो म भ्रष्ट भएको छुइन क्यारे!" के अरूसँग आफूलाई दाँजेर आफू राम्रो छु भनेर देखाउन्दैमा असल हुन्छ र? (अमेरिकामा अल क्यापोन नाम गरेका एक प्रख्यात गुँण्डा थियो। ऊ त केवल अमेरिकाका केही समाजको निम्ति मात्र बदमाश थियो। तर उसलाई हिटलरसँग दाँज्दा ऊ सन्त नै थियो भने पनि हुन्छ)। तर यदि हामीलाई परमेश्वर र उहाँको पवित्रता तथा धार्मिकतासँग दाँज्यौं भने हामीमा अलिकति पनि शुद्ध र सिद्ध भएको पाउँदैनौं। जसरी मैनबत्ति सूर्यको अगाडि पग्लिन्छ, त्यसैगरी हाम्रो कुनै पनि गौरवता, हामीहरूको असल कामहरू र हामीहरूले पाएका सम्मानहरू उहाँको अगाडि पग्लिन्छ। उहाँको अगाडि हामीहरूको स्वभाव वाक्क लाग्दो हुन्छ।

रोमी ३:२३ले भन्छ "परमेश्वरको महिमाको अगाडि।" यस वाक्यमा धेरै अर्थहरू पाइन्छ। तर यसको एकदम सरल अर्थ १ कोरन्थी ११:७मा पाउँछौं: "उहाँ (येशू) परमेश्वरको प्रतिरूप हुनुहुन्छ र उहाँ परमेश्वरको महिमा हुनुहुन्छ।"(रूपान्तरित)। ग्रीक अर्थात् युनानी शब्दमा "महिमा" भन्ने झुटा "प्रतिरूप"सँग केही हदमा बराबरी भएको देखाउँछ। पापले गर्दा हामीमा भएको परमेश्वरको स्वभाव वा प्रतिरूप ध्वस्त भएको छ। तसर्थः पापी मानिसले परमेश्वरको महिमा वा प्रतिरूपको प्रतिबिम्ब गर्ने सम्भावना एकदम कम नै हुन्छ।

**तपाईं कस्तो हुनुहुन्छ भनेर तपाईंको बारेमा रोमी ३:५-१९ले कसरी चित्रण गरेको छ सो पढ्नुहोस्? अहिले पनि त्यस परिस्थितिबाट केही परिवर्तन भएको छ र? के यसले तपाईंको बारेमा असली चित्रण गरिरहेको छ त? (अर्थात् विश्व विख्यात दन्त्यकथामा ठगहरूले राजालाई काल्पनिक लुगा लगाउन दिएर आफू नाङ्गै भएको नस्वीकार्दा, "राजा त नाङ्गै रहेछ" भनेर एक बालकले भन्दा उनी लाजले भुतुक्क भएको जस्तै के पावलले तपाईं हामीलाई हामी पनि नाङ्गै रहेछौं भन्न खोजिरहेको हामी पाउँछौं? यदि येशू तपाईंको जीवनमा हुनुहुन्न भने तपाईंको जीवनको सार्थकतालाई कसरी मूल्याङ्कन गर्नुहुन्छ? हेर्नुहोस्: "५ तर हाम्रो अधार्मिकताले परमेश्वरको धार्मिकतालाई प्रकाशमा ल्याउँछ भने, हामी के भनौं? के परमेश्वरको क्रोध हामीमाथि आइपर्दा उहाँले अन्याय गर्नुहुन्छ? (म मानिसले जस्तै तर्क गर्दछु।) ६ कदाचित् होइन! त्यसो**

**भए, परमेश्वरले संसारको इन्साफ कसरी गर्न सक्नुहुन्थ्यो र? ७ तर यदि मेरो झूटले गर्दा परमेश्वरको सत्यता उहाँकै महिमाको निम्ति प्रशस्त हुन्छ भने, किन पापीझैं इन्साफमा परिरहेको छु? ८ त्यसो भए, असल होस् भनेर खराबी नै किन नगर्ने त? कोही-कोही मानिसहरूले हामी त्यसै भन्छौं भनी हामीलाई निन्दापूर्ण दोष लाउँछन्। तिनीहरूको दोषारोपण न्यायसङ्गतै छ। ९ उसो भए के हामी यहूदीहरू अझ असल छौं त? अवश्य छैनौं, किनकि सबै मानिस, यहूदी र अन्यजातिहरू दुवै पापको वशमा छन् भनी मैले दोष लगाइसकेको छु। १० जसो लेखिएको छ, "धर्मी कोही छैन, एक जना पनि छैन, ११ बुझ्ने कोही छैन, परमेश्वरलाई खोज्ने कोही छैन। १२ ती सबै बरालिएका छन्, तिनीहरू एकसाथ बेकम्मा भएका छन्। कसैले असल गर्दैन, असल गर्ने एक जना पनि छैन।" १३ "तिनीहरूका घोक्रा खुला चिहान हुन्, तिनीहरू आफ्ना जिब्राले छलका कुरा गर्छन्।" "सर्पको विष तिनीहरूका ओठमा छ।" १४ "तिनीहरूका मुख सराप र तीता कुराले भरिएका छन्।" १५ "तिनीहरूका खुट्टा रक्तपात गर्नलाई छिटा छन्। १६ विनाश र दुर्दशा तिनीहरूको बाटोमा छन्, १७ र शान्तिको बाटो तिनीहरूले चिनेका छैनन्।" १८ "तिनीहरूका आँखाको सामने परमेश्वरको भय छैन।" १९ अब हामी जान्दछौं, जे-जति व्यवस्थाले भन्छ, व्यवस्थामुनि हुनेहरूलाई नै भन्छ, कि हरेक मुख चूप रहोस्, र सारा संसार परमेश्वरको अगि जवाफदेही होस्।"**

तर हाम्रो बारेमा हामीहरूको हृदयलाई खोतलेर जतिसुकै नराम्रो तरिकाले व्याख्या गरेतापनि हामी निराश हुनुपर्ने अवस्था त छैन। प्रथमतः हामी अत्यन्त पापी हौं भनेर स्वीकार गर्नुपर्दछ। अनि त्यस पापलाई हाम्रो कुनै धर्मकर्मले धुन सक्दैन भनेर मान्नुपर्दछ। हामीलाई त्यो चेतना जगाउने कामचाहिँ पवित्र आत्माको हो। तर जब पवित्र आत्माले हामी पापी हौं भनेर देखाउँछ भने हामी परमेश्वरबाट पन्छिन खोज्नुहुँदैन। यदि पापी मानिसले आफ्नो पाप स्वीकार गरेर पापबाट पन्छिन खोज्दैन भने पवित्र आत्माले नै हाम्रो पापको अवस्थालाई उघारि दिनुहुन्छ। हामीहरूले लाउने अरूभन्दा असल छु भन्ने मुकुन्डो, देखावटीरूपमा धर्मात्मा छु भन्ने नक्कली चाल र म ठीकै छु भन्ने आत्मविश्वासलाई पवित्र आत्माले च्यातिदिनुहुन्छ। अनि येशूको सामु पापी मानिस यसरी लम्पसार पर्दछ र परमेश्वरको दयाको निम्ति याचना गर्दछः "परमेश्वर म पापी हुँ। ममाथि दया देखाउनुहोस्!" (लूका १८:१३बाट रूपान्तरित)।

**तपाईंले अन्तिम पटक कहिले आत्मआलोचना गर्नुभएको थियो? तपाईंको क्रियाकलाप, भावनाहरू, नियतहरू आदिलाई के मूल्याङ्कन गर्नुभएको छ? आफूले आफैलाई हेर्दा कस्तो निराशमय अवस्थामा आफूलाई पाउनुहुन्छ? तपाईंको आशा केवल के हो त? अर्थात् यस संसारमा तपाईं जीउने लक्ष्यलाई कसरी अर्थमुलक बनाउने?**

## ३. प्रथम शताब्दीदेखि आजको एक्काइसौं शताब्दीमा आइपुग्दा के मानवजाति प्रगतिमा लागिरहेको छ त?

बीसौं शताब्दीको सुरूमा संसारमा मानव जातको प्रगतिमा सुधार हुनेछ, नैतिकस्तर बढ्नेछ र विज्ञान र प्रविधिले गर्दा नयाँ आदर्श संसारको उदय हुनेछ भनेर कतिपय मानिसहरूले विश्वास गरेका थिए। अब मानव संसार मौलिक रूपमा शिद्ध र आदर्शको बाटोमा लम्किनेछ भनेर विश्वास गरेका थिए। उचित शिक्षा र चरित्रवान बनाउने नैतिक तालिमले अब मानव समाज उच्च प्रगतिमा लाग्नेछ भनेर मानिसहरूले सोचेका थिए। सोचेको अनुसार बीसौं शताब्दीमा प्रवेश गर्ने क्रममा मानव जात उचित र असल प्रगतिको बाटोमा लागेर एक साहसिलो नयाँ युगमा लम्किरहनुपर्ने हो।

तर दुःखपूर्ण कुरो त यो छ, मानव जगत त्यस काल्पनिक आदर्श युगमा प्रवेश गरिरहेको पाइएको छैन, छ त? मानव युग बीसौं सताब्दीमा प्रवेश गर्दा संसारको इतिहासमा त्यो जस्तो हिंसात्मक र असभ्य अवस्था कहिल्यै पनि नभएको पाइरहेको छ। आधुनिक विज्ञानको चमत्कारले गर्दा अब मानिसहरू लाखौंको संख्यामा एकैचोटी नाश गर्न सम्भव भइरहेको पाउँछौं। विश्वको इतिहासमा वैज्ञानिक प्रविधिले गर्दा सजिलैसँग मानवसंहार गर्न सकिन्छ भन्ने कुरा बिगतका कुनै पनि बहुलाएको मानिसले सपनामा पनि देखेको थिएन।

मानिस यसरी पशुभन्दा पनि तल किन झर्न थाले त? मानव समस्या के थियो? **पावलले प्रथम् शताब्दीको (सन् १-९९) रोमी सभ्यतालाई लक्षित गरि रोमीका पत्रहरु १:२१-३२ लेखेका थिए। के बीसौं शताब्दीमा आजपनि त्यहाँ वर्णन गरेको अवस्था जारी नै छ त? हेर्नुहोस्: "२१ किनकि परमेश्‍वरलाई चिनेर पनि तिनीहरूले परमेश्‍वरलाई दिनुपर्ने महिमा दिएनन्, न त धन्यवाद नै चढ़ाए, तर तिनीहरू आफ्ना विचारमा बेकम्मा भए, र तिनीहरूको मूर्ख मन अझ अँध्यारो भयो। २२ बुद्धिमान् छु भन्ने दाबी गरे तापनि तिनीहरू मूर्खै भए, २३**

**र तिनीहरूले विनाशी मानिस, चराचुरुङ्गी, चारखुट्टे जनावर र घस्रने जीवहरूका मूर्तिका रूपसँग अविनाशी परमेश्वरको महिमा साटफेर गरे। २४ यसकारण परमेश्वरले तिनीहरूलाई तिनीहरूका हृदयका कामवासनाको अशुद्धतामा छोडिदिनुभयो, कि तिनीहरूले आपसमा आफ्ना शरीरको अनादर गरून्। २५ किनकि तिनीहरूले परमेश्वरको सत्यतालाई झूटसँग साटेर सदासर्वदाका परमधन्य सृष्टिकर्तालाई त्यागेर बरु सृष्टि गरिएका थोकहरूको पूजा र सेवा गरे। २६ यसैकारण परमेश्वरले तिनीहरूलाई लाजमर्दो कामुकताको निम्ति छोडिदिनुभयो। तिनीहरूका स्त्रीहरूले आफ्ना स्वाभाविक व्यवहारलाई अस्वाभाविक व्यवहारमा परिवर्तन गरे, २७ र त्यसरी नै स्त्रीतर्फको स्वाभाविक व्यवहार त्यागेर एक-दोस्रातर्फ कामुकताको जलनमा पुरुषहरूले पुरुषहरूसितै निर्लज्ज काम गरे, र आफ्नै शरीरमा आफ्ना कसूरको उचित दण्ड भोगे। २८ यसरी तिनीहरूले परमेश्वरलाई मान्यता दिन नचाहेका हुनाले परमेश्वरले तिनीहरूलाई भ्रष्ट मनका अवस्थामा अनुचित आचरणको निम्ति त्यागिदिनुभयो। २९ तिनीहरू सबै किसिमका बदमाशी, दुष्टता, लोभ, रिसबीले भरिएका छन्। तिनीहरू डाह, हत्या, झैंझगड़ा, छल, बदख्वाइँले भरिएका हुन्छन्, र तिनीहरू कुरौटे, ३० र बदनाम गर्ने, परमेश्वरलाई घृणा गर्ने, ढीट, अहङ्कारी, अभिमानी, दुष्ट कुरा रचिहिँड्ने, आमा-बुबाको आज्ञापालन नगर्ने, ३१ मूर्ख, विश्वासघाती, निर्दयी र क्रूर हुन्छन्। ३२ यस्ता काम गर्नेहरू मृत्युको योग्य हुन्छन् भन्ने परमेश्वरको धार्मिक-विधान जान्दाजान्दै पनि तिनीहरू यी काम गर्ने मात्र होइनन्, तर यस्ता गर्नेहरूसँग पूर्ण सहमत पनि हुन्छन्।"**

इसाई आस्थामा लाग्न हामीहरूलाई धेरै आत्मिक शिक्षाहरूमा विश्वास गर्नु आवश्यक हुन्छ। जस्तैः मृत्युबाट पुनरुत्थान, दोस्रो आगमन, नयाँ स्वर्ग र नयाँ पृथ्वी आदि। तर आज पतित मानव स्वभावको अवस्थालाई विश्वास गर्न के विश्वासै चाहिन्छ र? आज हामी सबै जना पतित मानव अवस्थाको परिणाम भोग्दै जिइरहेका छौं।

**रोमी १:२२,२३मा पावलले तत्कालीन सभ्यता तथा मानव बौद्धिकतालाई लक्षित गरि यसरी व्यक्त गर्दछन्: "बुद्धिमानी छौं भनेर दावी गरेर तिनीहरू मूर्ख ठहरिए। अनि अविनाशी परमेश्वरको महिमालाई तिनीहरूले विनाशी मानिस, चराचुरुङ्गी, चारखुट्टे जनावर र घस्रने जीवहरूका मूर्तिको रूपमा परिवर्नन गरे।" के यो भनाइ केवल दुई हजारवर्ष अघिको लागि मात्रै थियो त? परमपिता परमेश्वरको अस्तित्वलाई अस्वीकार गरेर आज पनि मानिसहरूले**

**कस्ता खालका मूर्तिहरूलाई पूजा गरिरहेका छन्? मानिसहरूले कस्ता खालका मानिसहरूलाई श्रद्धेय, भक्ति वा आदर्श व्यक्तिहरू ठानेर तिनीहरूको पछिपछि लागिरहेकाछन्? परमेश्वरबाहेक अरू वस्तु, जीव र मानिसहरूलाई पूजा गरेर के आफूहरूलाई उल्लु त बनाइरहेकाछैनन्?**

## ४. यहूदी र अयहूदी अर्थात् अन्य जातिहरूको बीचमा भएको साझा तालमेल

**विगतको धेरै समय अघि,** सृष्टिकर्ता सनातन परमेश्वरलाई बिर्सँदा गैर-यहूदीहरू कस्ता पापहरूको भूमरीमा परेका थिए पावलले रोमी १मा खुलाउँछन्। सयौं वर्षदेखि सृष्टिकर्ता परमपिता परमेश्वरलाई भुलेर आफ्नै मनस्थितिले त्रसित, विभिन्न भावनाहरू र अन्यौलता आदिले गर्दा उत्पादन गरेका देवीदेवताहरू तथा प्रकृतिका जीव अजिव वस्तुहरूलाई तिनीहरूले पूजाआजा गर्दथे। तिनीहरूका विचार, भावना र क्रियाकलापहरूमा पाप मुछेका थिए। तिनीहरूका भावनाहरूबाट सृष्टि गरेर पूजा गरेका देवीदेवताहरूले पनि तिनीहरूकै मनस्थितिलाई प्रतिविम्व गरेको हुन्थ्यो। त्यसले गर्दा तिनीहरुको मानसिकतामात्र होइन, आध्यात्मिक जीवन पनि तल्लो स्तरमा झरेको थियो।

तर, पावल एकदम स्पष्ट व्यक्ति भएको हुनाले, आफ्नो यहूदी जाति जतिसुकै धर्मात्मा भनेर कहलाइएतापनि यहूदीहरू पनि पापी नै छन् भन्ने कुरा देखाउन उनी पछि परेका थिएनन्। यहूदी भएर जतिसुकै फाइदाहरू भएतापनि (रोमी ३:१,२) तिनीहरू पनि पापी नै छन्, परमेश्वरको व्यवस्थाले तिनीहरू पनि दोषी ठहऱ्याइका छन् र तिनीहरूलाई पनि येशू ख्रीष्टको मुक्ति दिने अनुग्रहको आवश्यकता छ भन्ने पावलको जिकिर थियो। मानिसहरू पापी भएको कारणले र सबैले परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूलाई उल्लङ्घन गरेकोले चाहे यहूदी होस् वा अयहूदी अर्थात् अन्य जातिहरू होस् सबैलाई परमेश्वरले उपलब्ध गराउनुभएको मुक्तिको अनुग्रहको आवश्यक छ। यस परिवेशमा चाहे यहूदी होस् वा अरू जाति होस् सबै जना बराबरी छन्।

**पावलले रोमी २:१-३ र १७-२४मा चेतावनीस्वरुप केही वचनहरू व्यक्त गरेका छन्। हामी चाहे यहूदी हौं वा अयहूदी वा अरू जातिका मानिसहरू हौं त्यस चेतावनीले हामीले आफैलाई पनि कसरी सतर्क गराउनुपर्छ? हेर्नुहोस्: "१ यसकारण अर्कालाई दोष लाउने ए मानिस, तिमी जोसुकै भए तापनि, केही बहाना छैन, किनकि जेमा तिमी अर्कालाई दोष लगाउँछौ, त्यसैमा आफै पनि दोषी ठहरिनेछौ, किनभने तिमी दोष लाउनेले पनि त्यही काम गर्छौं। २ यस्ता काम**

**गर्नेहरूमाथि परमेश्वरको इन्साफ ठीकसँग पर्छ भनेर हामी जान्दछौं। ३ ए मानिस, तिमीले यस्ता काम गर्नेहरूलाई दोष लाउँछौ, र आफै पनि त्यही काम गर्छौं भने, के परमेश्वरको इन्साफबाट उम्कन्छु भन्ने तिमी ठान्छौ?... १७ तर यदि तिमी यहूदी हुँ भनी व्यवस्थामा भर परेर परमेश्वरसँगको सम्बन्धमा घमण्ड गर्दछौ, १८ र उहाँको इच्छा जान्दछौ, र व्यवस्थाबाट सिकाइएका उत्तम कुराहरू मन्जूर गर्दछौ, १९ र यदि तिमीलाई यो निश्चय छ कि तिमी अन्धाको अगुवा हौ, अन्धकारमा हुनेहरूका निम्ति ज्योति हौ, २० मूर्खहरूलाई सुधाछौं, अपरिपक्वहरूलाई शिक्षा दिन्छौ, किनभने व्यवस्थामा नै सम्पूर्ण बुद्धि र सत्यता प्राप्त गरेका छौ– २१ यसरी जब तिमी अरूहरूलाई सिकाउँछौ, त के आफूलाई चाहिँ सिकाउँदैनौ? जब तिमी चोरीको विरुद्धमा प्रचार गर्छौ, के तिमी आफैचाहिँ चोरी गर्छौ? २२ तिमी, जसले व्यभिचार नगर भनी भन्छौ, के तिमी आफै व्यभिचार गर्छौ? तिमी, जो मूर्तिहरू घिनाउँछौ, के तिमी आफै मन्दिरहरू लुट्छौ? २३ तिमी, जो व्यवस्थामा घमण्ड गर्दछौ, के व्यवस्था उल्लङ्घन गरेर परमेश्वरको अनादर गर्छौ? २४ किनभने, लेखिएको छ, "अन्यजातिहरूका बीचमा परमेश्वरको नाउँ तिमीहरूद्वारा नै निन्दित भएको छ।"**

"अन्य जातिहरू पापी छन् भनेर प्रेरित पावलले औंल्याएपछि अव उनले बिषेश गरि जोड दिएर यहूदीहरू पनि पापमै फसिरहेका छन् किनभने तिनीहरू बाहिररूपमामात्र परमेश्वरको व्यवस्थाको पालन गर्छन्। तिनीहरू व्यवस्थाको अक्षर अनुसार चल्छन् तर त्यसको मर्म वा आत्मियतामा चल्दैनन्।"-मार्टिन लुथर, *कमेन्टरी अन रोमनस्*, पृ.६१बाट रूपान्तरित।

अरूको पापलाई औंल्याएर दोष दिन वा आलोचना गर्नु एकदम सजिलो छ। तर कतिपटक त अरूलाई देखाउने पापहरूबाट हामी आफै पनि एक्लिएको हुँदैनौं र अरू भन्दा हामी चोखो छौं भनेर दावी गर्दा दोषमुक्त भएको पाउँदैनौ, किनकि अरूभन्दा धेरै पाप हामीले गरेको हुनसक्छ। आफ्नै दोष, कमजोरीहरू लुकाउने स्वभाव हाम्रो ठूलो समस्या हो। घृणित पाप गर्ने अरू मानिस भन्दा हामी कति असल छौं भनेर आफूलाई सुन पानी छर्काएर धर्मात्माको बिल्ला लगाउनु मानव स्वभाव नै हो भने पनि हुन्छ। तिनीहरूसँग तुलना गरेर आफू कति असल छु भनेर मानिसहरू आफ्नो पिठ्युँमा धाप हान्न चाहन्छन्। (कतिपय मानिसहरू धर्मको नाउँमा अतिबादी भएर धर्म वा संस्कृतिलाई रक्षा गर्नेको नाउँमा नर संहार गर्ने मानसिकताबाट कुनै धर्म पनि अलगिएको पाउँदैनौं। त्यहि मानसिकताले गर्दा ४ करोड भन्दा वेसी

येशूभक्तहरू शहिद भएका थिए। त्यस मध्ये अधिकाँस त इसाई भनाउँदाहरूबाट नै हत्या गरिएका थिए भन्दा अतिरञ्जित नभएको इसाई इतिहासले बताउँछ।)

अरू भन्दा आफू राम्रो छु वा धर्मात्मा छु भन्ने मनस्थितिलाई पावलले स्वीकार गर्दैनन्। अरू आस्था तथा जातका मानिसहरूको न्याय नगर्नु भनेर पावलले स्पष्ट रूपमा खवरदारी गरेको हामी पाउँछौं। किनभने उनको आफ्नै यहूदी जातका मानिसहरू परमेश्वरले नै चुनेको भएतापनि पापी नै थिए। हो, तिनीहरूलाई परमेश्वरले विशेष जाती भनेर चुन्नुभएको थियो, तैपनि तिनीहरू पापबाट चोखो भएका थिएनन्। अझ, पावलको सामु तिनीहरू झन बेसी दोषी भएका थिए। तिनीहरूले अरूको पापप्रति आलोचना गर्दथे, तर अन्य जातिको भन्दा बेसी आत्मज्ञान भएकोले तिनीहरू अझ असल हुनुपर्दथ्यो। अझ कतिपय समयमा यहूदीहरू अयहूदीहरूभन्दा चर्को पापी छन् किनभने तिनीहरूलाई अयहूदी वा अन्य जातिको निम्ति ज्योति हुन धेरै आत्मज्ञानहरू दिइएको भयतापनि तिनीहरू त्यो ज्ञानमा नरहेर अरूको आलोचन गर्छन् अरूको आलोचना गर्न हतार गर्छन् र अरूलाई दोष लगाउँछन्।

कोहि मानिस पनि धर्मात्मा छैन भनेर पावलले औंल्याएको पाउँछौ। परमेश्वरको सिद्ध आदर्श वा आचारसंहितामा हामी कोहि पनि पुग्न सक्दैनौं। हामी कोहि पनि स्वभावैले असल, पवित्र र सन्तसाधु छैनौं। चाहे यहूदी, चाहे गैर-यहूदी, पुरुष वा स्त्री, धनी वा गरिब, आस्तिक हौं वा नास्तिक हौं, हामी सबै जना पापको वन्धनमा छौं। शैतानले हामी सबैलाई अपहरण गरेको छ भन्दा पनि हुन्छ। यदि परमेश्वरको अनुग्रह क्रुसमा नदेखाइएको भए हामी कोही पनि आशामा जिइरहने कारण हुने थिएन। (येशूबिना हाम्रो जीवन खल्लो हुन्छ, त्यहि खल्लो जीवनलाई सन्तुष्ट बनाउन मानिसहरूले अनेक उपाय रचेका हुन्छन् जसले गर्दा मानिस प्रगतिमा लाग्नुसट्टा अधोगतिमा गइरहेको सारा अखबारका पानाहरूले छर्लङ्ग पारिरहेको हामी पाउँदछौं।) बाइबलमा उल्लेखित परमेश्वरको सुसमाचारले मात्र हाम्रो जीवनलाई शल्यक्रिया गर्दछ र हाम्रो स्वभावलाई पर्दाफास गरेर हाम्रो असली रूप देखाउँदछ। ***अनुवादकको टिप्पणी)।***

**कतिपय समयमा तपाईंले अरूको भूललाई दोष दिन वा आलोचना गर्न हतार गर्नुहुन्छ जब तपाईं आफै पनि त्यही भूल गरेर दोषी हुनुभएको छ?**

**पावलले दिएको अर्ति अनुसार तपाईं चल्दा त्यस्ता स्वभावबाट आफूलाई कसरी सुधार्न सक्नुहुन्छ?**

## ५. सुसमाचार र पश्चाताप

(पाँच वर्षका एक जना दाइले खेल्ने क्रममा रिसले आफ्नी बहिनीलाई हिर्काए। उसका आमाबाबुले आफ्नी बहिनीसँग माफी माग्नु भनेर अऱ्हाए। तर उस्ले माफी माग्न चाहेन। तर आमाबाबुले जोड गर्दा चाहिँ उसले भन्यो, "सरी वा माफ देऊ।" परमेश्वरको सामु आफ्नो कमजोर करले वा पापप्रति दुःख यसरी व्यक्त गरिँदैन। ***रोमीको पुस्तकको पुरानो अध्ययनमा समावेश भएको उपयुक्त कथा)।***

**यसै सन्दर्भमा पावलले रोमी २:४मा भन्दछन्, "परमेश्वरका कृपाले तिमीलाई पश्चातापमा डोऱ्याउँछ भन्ने थाहा नपाएर के तिमी उहाँको दया, सहनशीलता वा सदाशयता, धैर्यताको सम्पत्तिलाई तुच्छ ठान्छौं?" यसमा के सन्देश छ जुन पश्चातापको बारेमा सोधिने प्रश्नमा हामी सबैलाई सिकाउन खोजिएको छ?**

पापीहरूको धर्मकर्म र बलजफ्तीले होइन तर परमेश्वरको कृपाले गर्दा उनीहरूलाई पश्चातापको बाटोमा डोऱ्याउँछ भन्ने कुरा हामीले बिर्सनुहुन्न। परमेश्वरले मानिसको इच्छा विपरित वा आत्मनिर्णय बिपरित कुनै पनि शक्ति प्रयोग गर्नुहुन्न। उहाँ हरदम धैर्यवान हुनुहुन्छ। आफ्नो अनन्तको प्रेमले मानिसहरूलाई आफूतिर तान्न उहाँ सधैं तत्पर हुनुहुन्छ। उहाँको चाहना नै पापमा परेको मानिसलाई आफ्नो प्रेमले ढाकेर त्यस पापको दलदलदेखि उठाउने हो। तर उहाँले कुनै पनि बल प्रयोग गरेर मानिसलाई पश्चाताप गराउनुहुन्न। आमाबाबुको करले गर्दा त्यस बालकले आफ्नी बहिनीलाई "सरी वा माफ देऊ" भनेर ठिक्क पारेको जस्तो हामीमा पनि देखावटी पश्चाताप भएको परमेश्वर चाहनुहुन्न। यदि सबैले देखावटी रूपमा पश्चाताप गरे भने सबै जनाले स्वतः मुक्ति पाउने थिए, होइन त? त्यसकारण आफूले गरेका पाप वा अधर्मप्रति देखावटी रूपमा दुःख व्यक्त गरे मात्र पुग्ने भए कसैलाई पश्चाताप गर्न कसैलाई नगर्न परमेश्वरले किन जोड दिने? हामीले गरेका नराम्रो कामहरूको पछुताउ हाम्रो हृदयदेखि स्वतन्त्र चाहनाले गर्नुपर्छ। त्यो चाहना जगाउने काम पवित्र आत्माको चालको जवाफमा हुनुपर्छ। पश्चाताप, परमेश्वरको बरदान हो, तर त्यसलाई पाउन हामी तयार हुनुपर्छ र हामीहरूको

मनको ढोका खुला राख्नुपर्छ। त्यो आत्मनिर्णयको अधिकार केवल हामीलाई मात्र सुम्पिएको छ (कसैले कसैलाई न त परमेश्वरले नै करकाप गरेर वास्तविक पश्चाताप गर्न सकिन्छ)।

**परमेश्वरको प्रेमलाई तिरस्कार गर्नेको गति के हुन्छ भनेर रोमी २:५-१०मा पावलले उल्लेख गर्दछन्? यी मानिसहरू केवल परमेश्वरको प्रेमलाई तिरस्कार गर्ने मात्र होइनन्, उनीहरूको हृदय कठोर हुन्छ र पश्चाताप गर्न अस्वीकार पनि गर्दछन्, अनि तिनीहरू विद्रोही मनस्थितिमा रहिरहन रूचाउँछन्। हेर्नुहोस्ः "५ तर परमेश्वरको धार्मिक इन्साफ प्रकट हुने त्यस क्रोधका दिनको लागि आफ्नो कठोर र अपश्चात्तापी हृदयले गर्दा तिमीले आफ्नो निम्ति क्रोध थुपारिरहेछौ। ६ किनकि उहाँले हरेक मानिसलाई उसको कामअनुसार दिनुहुनेछ। ७ धैर्यसँग असल काम गरेर महिमा, इज्जत र अमरत्व खोज्नेहरूलाई चाहिँ उहाँले अनन्त जीवन दिनुहुनेछ। ८ तर झगड़ालु, सत्यको पालन नगर्ने, र दुष्टतामा हिँड्नेहरूमाथि चाहिँ क्रोध र रीस पर्नेछ। ९ खराब काम गर्ने हरेक मानिसमाथि सङ्कष्ट र आपद् आइपर्नेछ, पहिले यहूदीमाथि र अन्यजातिहरूमाथि पनि। १० तर असलकाम गर्ने हरेकलाई पहिले यहूदीलाई अनि अन्यजातिलाई पनि गौरव, इज्जत र शान्ति प्राप्त हुनेछ। ११ किनकि परमेश्वरले पक्षपात गर्नुहुन्न।"**

मानिसहरू असल काममा तल्लीन हुनुपर्दछ भनेर माथिका पदहरू र रोमीको पुस्तकमा धेरै पटक स्पष्ट रूपमा पावलले उल्लेख गरेको पाउँछौं। असल काम गर्न पनि पावलले जोड दिन्छन्। व्यवस्थालाई पालन गरेर होइन तर विश्वासद्वारा मानिस धर्मी ठहरिन्छ भन्दैमा इसाईहरू असल काम गर्नबाट अलग हुनुपर्छ भनेको होइन। उदाहरणमा, रोमी २:७ले भन्दछ, मुक्ति त्यसलाई प्राप्त हुन्छ “जसले धैर्यतासाथ असल काम गरिरहेको हुन्छ"। असल कामले मुक्ति दिन सक्दैन। तर जसले मुक्तिको पूरा अनुभव गरिरहेको हुन्छ त्यसले असल कामलाई आफ्नो जीवनशैलीको एक भाग बनाएको हुन्छ। बाइबलचाहीँ पढ्ने तर कुनै कामसँग वा असल कामसँग बाइबलको केही सरोकार छैन भनेर विश्वास गर्नु धेरै गाऱ्हो कुरो हो। सही पश्चाताप भनेको देखावटी नभएर हृदयदेखि आउनुपर्छ, यसमा कसैको दुईमत छैन। परमेश्वरबाट अलग राख्ने कुनै पनि कुराबाट आफूलाई टाढा राख्न उसले प्रयत्न गर्दछ र फेरि पश्चाताप गर्नु नपर्ने कुनै कुराबाट आफूलाई अलग राख्न ऊ प्रतिवद्ध हुन्छ।

**यस संसारमा कोहि पनि सिद्ध छैन भन्ने कुरामा दुईमत छैन। सबै जनामा कुनै न कुनै कमजोरीहरू हुन्छन्, भूल गर्दछन् र पापमय स्वभावको शिकार भएको अनुभव गरेका हुन्छन्। कुनै बेलामा तपाईं चुक्नुभयो वा पाप गर्नु भयो भने के तपाईंले हृदयदेखि पश्चाताप गर्नुहुन्छ? के त्यसमा इमान्दारिता छ? अहिलेलाई भइहाल्यो पछि नगरुँला भनेर के तपाईंले आफूले आफैलाई सफाइ दिन खोज्नुहुन्छ? अथवा के ठिक्क पारेर अरूको मन जित्नमात्र औपचारिक रूपमा दु,ख व्यक्त गर्नुहुन्छ? यस्तो नियतबाट के तपाईं मुक्त हुन चाहनुहुन्छ? तर कसरी मुक्त हुने? सफल येशूभक्तको जीवन विताउन तपाईंमा परिवर्तन किन हुनुपर्दछ?**

## उपसंहारः

**थप जानकारीः** "पाप भनेको कसैले झुक्याएर वा अजानमा मानिसमा पर्ने तत्व हो भनेर बाइबलको भाषाले भन्दैन। तर सक्रिय मनस्थिति र आफ्नै चाहनाले मानिस पापमा फस्छ भनेर बाइबलले बारम्बार देखाउँछ। पाप भनेको असल कामलाई ध्यान नदिएर भएको हो भन्ने नभएर परमेश्वरको अपेक्षामा चल्नुबाट चुक्नु हो। यो दुष्ट नियत हो जुन मानिसले जानाजानी त्यसमा लाग्न निर्णय गरेको हुन्छ। यो कुनै कमजोरी होइन जुन मानिस जिम्मेवारी हुनसक्दैन तर मानिसले जानाजानी पाप गर्न वा पापी मनस्थिति राख्ने चाहना गर्छ। परमेश्वरको बिरुद्धमा ऊ जान चाहन्छ, उहाँको व्यवस्थामा नरहन उसले मन पराएको हुन्छ र परमेश्वरको वचन सुन्न पनि चाहन्न र सुनेर पनि त्यस अनुसार चल्ने चाहना गर्दैन। परमेश्वरले तोक्नुभएको सीमाभन्दा बाहिर मानिसलाई पापले नै धकेल्न खोज्दछ। छोटकरीमा भन्ने हो भने पाप भनेको परमेश्वरको विरुद्धमा विद्रोह गर्नु हो।"-द हान्डबुक अभ सेभेन्थ-डे आडभेन्टिस्ट थियोलोजी (हागरटाउन, मेरिल्यान्डः रिभ्यु एण्ड हेराल्ड पब्लिशिङ्ग आसोशियशन, २०००), पृ. २३९बाट रूपान्तरित।

("आफू सोझो छ र आफ्नो हृदय सफा छ भनेर धेरैले सोच्दछन्। त्यो मूर्ख सोच हो। "मानिसको हृदय अरू भन्दा बेइमान हुन्छ" ( यर्मिया १७:९) भन्ने कुरालाई तिनीहरूले बुझेका छैनन्। यस्ता मानिसहरूले आफू कत्तिको धर्मात्मा छौं भनेर बिचार गर्दछन्। आफूले नै रचेका आचरणको मापदण्डमा पुग्दा आफू सन्तुष्ट भएको ठान्दछन्। तर परमेश्वरले स्थापना गर्नुभएको

आचारसंहितामा नपुग्दा तिनीहरू घातक रूपमा असफल हुन्छन्। परमेश्वरले अपेक्षा गर्नुभएको मापदण्डमा पुग्न र उहाँले भन्नु भएको काम गर्न आफ्नै बलशक्तिले भ्याउन सक्दैनन्।"एलेन जी ह्वाईट, सेलेक्टेड मेसेजेज्, बुक १, पृ. ३२०बाट रूपमान्तरित। ***पुरानो अध्ययन पुस्तकमा समावेश भएको टिप्पणी)।***

"संसारको भयानक स्थितिलाई चित्रण गरेर परमेश्वरले मलाई दर्शन दिनुभएको छ। बैवाहिक जीवनलाई वेवस्ता गरेर जथाभावी अरूसँग यौन क्रिडा गर्ने र ती यौन क्रिडाबाट आउने भयङ्कर परिणामहरू र अनैतिकता यस सताब्दीका विशेष पापहरू हुन्। अहिलेको जमानामा जस्तो पापको कुरुप शिर निडर भएर कहिल्यै पनि उठाइएको थिएन। मानिसहरू पापले गर्दा उनीहरूका हृदयहरू अत्यन्त कठोर भएको पाउँछौं। पापप्रति तिनीहरुको मनस्थिति अचेत भइरहेको छ। सत्य रूपमा सदाशयता अपनाउन चाहनेहरू, गुणिलो र शुद्ध तथा असल जीवन यापन गर्न चाहनेहरू पापको शक्ति, हिम्मत र प्रभुत्वले गर्दा झण्डै निराशमा परिरहेका छन् । तर यस संसारमा भएका पाप परमेश्वरको हाँसो उडाउनेहरू र अविश्वासीहरूको बीचमा मात्र सिमित भएको छैन। त्योमात्र भए हुन्थ्यो तर होइन। कतिपय इसाई धर्मको नाउँमा इसाई पोशाक पहिरहनेहरू पनि यस दोषबाट मुक्त भएका छैनन्। येशूको आगमनको निम्ति पर्खिरहेकाछौं भनेर दावि गर्नेहरू पनि कतिपय शैतानको शिविरमा परिरहेका हुन्छन् र सत्य रूपमा तिनीहरू उहाँको आगमनको प्रतिक्षाको निम्ति तयार भएका हुँदैनन् जुन शैतान आफै पनि तयार छैन। सबै पापको प्रदुषणदेखि तिनीहरू चोखो बन्न चाहिरहेका हुँदैनन्। आफ्नै महत्वाकाँक्षा र अभिलाषामा तिनीहरू यसरी तल्लीन भइरहेका हुन्छन् कि अज्ञात रूपमा स्वभावैले तिनीहरूका सबै सोचबिचार र भावनाहरू अशुद्धरूपमा भ्रष्ट भइसकेका हुन्छन्।"-एलेन जी ह्वाइट , *टेस्टिमोनिज फर द चर्च,* ठेलि २, पृ. ३४६बाट रूपान्तरित।

**चिन्तनमननः**

१) नराम्रो स्थितिमा जतिसुकै मानव समाज गुज्रिरहेतापनि मानिस जातिमा सुधार भइरहेको छ भनेर जिकिर गर्नेहरूलाई तपाईंले कस्तो जवाफ दिने? तिनीहरूले कस्तो तर्क प्रस्तुत गर्दछन् र त्यसको जवाफ तपाईंले कसरी दिन सक्नुहुन्छ?

२. उपसंहारमा लिखित एलेन जी ह्वाइटको दोश्रो उद्धृत अंश फेरि हेर्नुहोस्। के तपाईं पनि उहाँले वर्णन गर्नुभएको पात्रहरू मध्ये एक हुनुहुन्छ? यदि हुनुहुन्छ भने तपाईंको के जवाफ छ? हताश निराश भएर होइन तर परमेश्वरका क्षमाशीलता र शुद्ध गर्ने प्रतिज्ञाहरूलाई सम्झेर आफ्नो जीवन उहाँमा सुम्पेर ढुक्क हुनु किन जरूरी छ? शैतानले तपाईंको चेतनामा यस्ता आवाज ल्याएर तपाईंलाई लडाउन चाहन्छः "जति राम्रो गर्न चाहे पनि म असफल व्यक्ति भएको छु। म अत्यन्त पापी नै छु। मैले कहिल्यै पनि मुक्ति पाउन सक्दिन। बेकारमा के असल कुरा सोचेर बस्नु । आ, छोडिदेउ, इसाई हुनमा।" के तपाईं शैतानको आवाजलाई प्राथमिकता दिनुहुन्छ कि येशूको, जसले भन्नुहुन्छ, "तिमीलाई पनि म दोष दिन्न....जाऊ फेरि पापी जीवन त्यागेर उचित जीवन यापन गर।"? (यूहन्ना ८:११बाट रूपमान्तरित)।

३) मानिसको पापको आधारभूत कारण र त्यो पतित भएको बारेमा इसाईहरूले स्पष्टरूपमा बुझ्न किन जरूरी छ? पापको यथार्थतालाई पन्छाउन खोज्यौं भने के हुन्छ? सही रूपमा हामी पापी हौं भन्ने कुरालाई बिर्स्यौं भने हामीले के भूल गर्न सक्छौं?

४) अनगिन्ती सुधारवादी इसाईहरूले आफ्नो विश्वासलाई त्याग्नुभन्दा मारिन निर्णय गरेका थिए। हामीहरूको विश्वास कतिको बलियो छ? के हामीहरू पनि पापको निम्ति मर्न तयार छौं?

कथा ३

# किताब तस्करी

## भ्लादिमिर बोरिसोभ (युरो-एशिया डिभिजन)

एउटा सेभेन्थ-डे एडभेन्टिस्टको समारोह पछि साथीहरूले मलाई १००वटा धार्मिक पुस्तक भएको एउटा बाकस मेरो देशमा लान अनुरोध गरे। म लान चाहन्थें तर म किचकिचाएँ किनभने मेरो इस्लाम देशले धार्मिक पुस्तकहरू बाँड्नमा प्रतिवन्ध लगाएको थियो। कुन किताब ल्याउनुहुन्छ कुन किताब ल्याउनुहुन्न भन्ने मामिलामा एक सरकारी समितिले निर्णय गर्दथ्यो। प्रत्येक किताबलाई केलाएर मात्र त्यो देशमा भित्राइन्थ्यो।

### हिचकिचाउँदै सामान बोक्ने:

एक दिन म र मेरो साथी मेरो शहरमा बसबाट यात्रा गर्न योजना बनायौं। म त्यस ठाउँको एक एडभेन्टिस्ट चर्चको पास्टर थिएँ। मैले साथीहरूलाई भनें "यदि बसको चालकले किताबहरूको जिम्मा लिन चाहेमात्र म किताब लान्छु। प्रायजसो पैसा तिर्दा बसका चालकहरूले थप सामानहरू लग्न दिन्थें।

हामी बस पार्कमा आइपुग्यौं र बसको चालकलाई किताबहरूको बाकस लानु हुन्छ कि भनेर सोध्यौं। उसले भन्यो यदि हामीले सय डलर अर्थात् दस हजार रूपैयाँ दियौं भने उसले ती किताबहरू लगिदिने बतायो। उसका कुरामा मेरो साथी र म आफ्ना दुई सुटकेसहरूसाथै उक्त बसमा चढ्यौं।

जब हामी सिमानामा आइपुग्यौं तब बस चालकले कस्तो खालका किताबहरू छन् भनेर पुलिसले सोध्यो भने के भन्ने भनेर उसले मलाई सोध्यो। "तिनीहरू इसाई किताबहरू हुन्" मैले भनें।

बस ड्राइभरले मेलै दिएको दस हजार रूपैयाँ फिर्ता दिएर भने, "हाम्रो देशमा लागु पदार्थहरू तस्करी गर्न सजिलो छ तर इसाई किताबहरू तस्करी गर्न सजिलो छैन।"

### परमेश्वरले हस्तक्षेप गर्नुहुन्छः

अचानक मलाई ठूलो पिर पर्न थाल्यो। ती किताबहरूलाई अब मैले के गर्ने? मैले निर्णय नै गर्न सकिंन। म र मेरा साथीले घुँडा टेकेर ती किताबहरू हाम्रो सुटकेसमा कोच्यौं। अनि हामीले प्रार्थना गऱ्यौं र सिमाना कट्न अरू मानिसहरूसँग उभियौं। हामीभन्दा भन्दा अगाडिको मानिसको बाकसमा स्कानरबाट जाँचेर उसले झोलाहरूलाई पार गऱ्यो र चेकजाँच स्थानबाट ऊ निस्क्यो। अनि हामीहरूका सुटकेसहरू त्यस स्कानर बेल्टमा राख्यौं। सिमाना सुरक्षकले स्कानरको निम्ति बटन थिच्यो। तर बेल्ट चलेन।

उसले फेरि थिच्यो तर चलेन। उसको मुख दिक्क मान्दै रातो भयो। उसले गाली गर्दै त्यस बटमलाई रिसले थिच्यो तर चलेन।

अनि त्यो सिमा सुरक्षा प्रहरीले हामीलाई हेर्दै भन्यो "जाऊ" ती सुटकेसहरू निकाल्दै भन्यो। चुपचाप हामीले ती सुटकेसहरू निकाल्यौं र सिमाना कट्यौं। सिमाना काटेको केही समय सम्म हामीमा पछाडि हेर्ने पनि आँट आएको थिएन। जब हामी पछाडि फर्क्यौं सुरक्षा गार्डले हामी भन्दा पछाडिको महिलालाई उनको झोलाहरू खोल्न आदेश दियो किनभने स्कानरले काम गरेको थिएन।

मेरो साथी र म मेरो देशमा जान दोस्रो सिमाना काट्न गयौं। त्यहाँ पनि हामी भन्दा अघिका मानिसहरू स्कानर मशिनबाट सुटकेसहरू स्कान गरिरहेका थिए। अनि हामीहरूको सुटकेसहरू त्यही मशिनमा राख्यौं। त्यहाँ पनि सुरक्षा गार्डले बटन थिच्यो र फेरि त्यो बटन चलेन। धेरै पल्ट उसले कोसिस गऱ्यो। केही पनि भएन। गाली गर्दै उसले त्यस बटनलाई हिर्कायो। आखिरमा गार्डले हामीतिर फर्केर "जाऊ" भन्यो।

फेरि हामी आश्चर्य चकित हुँदै त्यस ठाउँबाट निस्क्यौं र त्यहाँ पनि हामीलाई तुरन्तै पछाडि फर्कने आँट आएको थिएन। तब जब हामीले पछाडि हेऱ्यौं त्यहाँ पनि सुरक्षा गार्डले हामीभन्दा पछाडिका मानिसको सुटकेस खोलेर होसियारसाथ जाँच्दै थियो। हामीले हामीहरूका सुटकेसहरू बसमा राख्यौं र बसमा चढ्यौं। जब हामी सिटमा बस्यौं तब हामीले परमेश्वरलाई धन्यवाद दियौं।

**प्रार्थनाको बहादुर (प्रेयर वारियर):**

अर्को साबथ एक जना चर्चको महिलाले चर्चको आराधना सेवापछि मलाई भनिन्। "गत हप्ता अचम्मको कुरो भयो। एक रातमा एउटा आवाजले मलाई मध्य रातमा उठायो र भन्यो, "तिम्रो पास्टरको निम्ति प्रार्थना गर।" म यात्रा गरिरहेको थिएँ भनेर त्यस महिलालाई थाहा थिएन। म घरमा सुतिरहको छु भन्ने उनले ठानेकी थिइन्। त्यसकारण उनले त्यस आवाजलाई सुन्न अस्वीकार गरिन् र सुत्न खोजिन्। तर त्यो आवाजले "तिम्रो पास्टरलाई प्रार्थना गर" भनेर उनलाई घचघच्याइरह्यो। आखिरमा उनले घुँडा टेकेर एक घन्टासम्म प्रार्थना गरिन्।

कुन् समयमा उनलाई त्यस आवाजले प्रार्थना गर्न उठाएको थियो भनेर मैले सोधें। त्यो त्यही समय थियो जब म र मेरा साथी सिमाना काट्दै थियौं। हामीहरूको अमूल्य पुस्तकहरूलाई सुरक्षा गर्न परमेश्वरले हस्तक्षेप गर्नुभएको थियो भनेर मैले निश्चय गरें।

मेरो देश कुन् हो भनेर म भन्न सक्दिँन। तैपनि तपाईंको भेटीले युरो-यशिया र संसारका धेरै देशहरूमा सुसमाचार सुनाउने काममा सहयोग हुनेभएकोले तपाईंहरूलाई धन्यवाद दिन्छु।